# कोशी पहाडी क्षेत्रमा संचालित विकास आयोजनाको दीर्घकालीन प्रभाव सम्बन्धी अध्ययन

## अध्ययन परिचय

नेपाल सरकारको राष्ट्रिय योजना आयोग (GON-NPC) र बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभागको (UK-DFID) संयुक्त प्रयासमा नेपालको पूर्वी भागको कोशी पहाडी क्षेत्रमा विगत ४० वर्षमा संचालन गरिएका विकास प्रयासको मूल्याङ्कन गर्न यो अनुसन्धान गरिएको हो । परिवर्तनको प्रक्रिया विभिन्न तत्वहरुबाट प्रभावित हुने तथ्यलाई ध्यानमा राखी यो अनुसन्धानमा विभिन्न सरोकारवालाहरुबाट संचालित विकास कार्यक्रमहरुको सामाजिक र आर्थिक प्रभावको मूल्याङ्कन दुवै पक्षहरु–परिमाणात्मक र गुणात्मक द्वारा विश्लेषण गरिएको छ । ती सरोकारवालाहरुमा सरकारी क्षेत्र, दातृ समुदायहरु, गैरसरकारी संस्थाहरु, स्थानीय समुदाय, र निजी क्षेत्र समाविष्ट छन् । यो अध्ययनको प्रमुख पक्ष दीर्घकालीन आर्थिक सहयोगको मूल्याङ्कनको गहनताको परीक्षण गर्नु पनि हो । यस अनुसन्धानका मुख्य उद्देश्यहरु हुन्:

- विगत ४० वर्षमा कोशी पहाडी क्षेत्रमा भएका सामाजिक र आर्थिक परिवर्तनका मूल्याङ्कन गर्ने र उक्त परिवर्तनको प्रक्रियामा सकारी क्षेत्र, दातृ समुदाय, गैरसरकारी क्षेत्र, स्थानीय समुदाय र निजी क्षेत्रको भूमिकाको विश्लेषण गर्ने
- दीर्घकालीन प्रभाव मूल्याङ्कनको लागि प्रयोग गरिएका विधिहरुको वैद्यता बारे लेखाजोखा गरी उक्त विधिहरु अन्य क्षेत्रहरु र राष्ट्रहरुमा समेत प्रयोग गर्न मार्गदर्शन प्रदान गर्ने

नेपालमा योजनावद्ध विकासको शुरुवात वि. सं. २०१३ मा भए पश्चात अन्य क्षेत्रहरुमा जस्तै कोशी पहाडी क्षेत्रमा पनि विभिन्न निकायहरु द्वारा विकास कार्यहरुमा लगानी भएका छन् । उदाहरणको लागि, सन् १९७० देखि दातृ निकायहरुबाट करीब १३० मिलियन पाउन्ड लगानी भएको र उक्त लगानीको लगभग ४२ प्रतिशत जति सडक निर्माणमा खर्च गरिएको छ । यसको अतिरिक्त नेपाल सरकारले आफ्नो नियमित विकास कार्यक्रम अन्तर्गत विभिन्न क्षेत्रहरुमा लगानी गरेको छ । यी सबै लगानीहरुबाट जनताको जीविकोपार्जनमा सुधार, गरिबी न्युनीकरण, स्वास्थ्य र शिक्षा क्षेत्रमा सुधार हुनुको साथै रोजगारी र आय आर्जन कार्यहरुमा पनि सघाउ पुग्न गएको देखिन्छ । केही कार्यक्रमहरुबाट वातावरण एवं पर्यावरण संरक्षण र प्राकृतिक श्रोत र साधनको सदुपयोगमा पनि मद्धत पुग्न गएको देखिन्छ । यी परिवर्तनहरु बाट सीमान्तकृत वर्गहरु लाभान्वित हुनुको साथै स्थानीय स्तरमा क्षमता अभिवृद्धि र संगठन निर्माणमा पनि सघाउ पुग्न गएको देखिन्छ ।

यस परिप्रेक्ष्यमा, कोशी पहाडी क्षेत्रको यो अनुसन्धानले बहुआयामिक विकास कार्यक्रमबाट विगत चार दशकमा पुऱ्याएको योगदानको मूल्याङ्कन गरी उक्त कार्यक्रमहरुबाट कस्ता प्रकारका समुदायहरु तथा ठाउँहरु लाभान्वित भए भनी घर परिवार, समुदाय र जिल्ला स्तरमा अनुसन्धान गरिएको छ । यस अनुसन्धानबाट परिवर्तनका मुख्य सुत्रधारहरुको पहिचान गर्नुको साथै उक्त क्षेत्रमा रहेका बासिन्दाहरुको विचारमा उनीहरुको जीवनमा आएको परिवर्तनको पनि मूल्याङ्कन गरिएको छ ।

सन् २०११ अगष्ट देखि शुरु भै करीव १५ महिना भित्र सम्पन्न भएको पाँच छुट्टाछुट्टै अनुसन्धनात्मक अध्ययन प्रतिवेदनहरु हुन्: (१) प्रकाशित/अप्रकाशित अभिलेखात्मक दस्तावेजी/ग्रन्थहरु एवम् तथ्याङ्ग प्रतिवेदनहरुको समीक्षा (Documentary review), (२) भौगोलिक सूचना प्रणालीमा (GIS) आधारित नक्शाङ्कन विश्लेषण, (३) आर्थिक विश्लेषण (४) गरिबी विश्लेषण, र (५) वास्तविकता परीक्षण विधि (Reality Check Approach) । यी प्रतिवेदनहरुको आधारमा एउटा संक्षिप्त प्रतिवेदन पनि तयार पारिएको छ ।

## अध्ययन क्षेत्र

कोशी पहाडी क्षेत्रमा चार जिल्लाहरु, जस्तै भोजपुर, धनकुटा, संखुवासभा र तेह्रथुम पर्दछन् । यस क्षेत्रको दुई पहाडी छिमेकी जिल्लाहरु–खोटाङ्ग र इलाम र कोशी अन्चल तराई जिल्लाहरु– मोरङ्ग र सुनसरी तुलनात्मक अध्ययनको लागि समावेस गरिएका छन् ।




*अध्ययन क्षेत्र: कोशी पहाडी क्षेत्र र छिमेकी जिल्लाहरु*

## सैद्धान्तिक प्रारुपहरु

यो अध्ययन मुख्यतया तीन प्रकारका विश्लेषणात्मक अवधारणाहरु जस्तै 'दिगो जीविकापार्जन प्रारुप' (Sustainable Livelihood Framework), 'संचयआवृद्धि कारणत्व' (Cumulative Causation) र 'भिन्न प्रभाव' (Differential Impact) मा आधारित छ । यिनीहरुको आधारमा समष्टिगत प्रभाव एवम् सामाजिक-आर्थिक परिवर्तनको व्याख्या गरिएको छ र यसैको आधारमा परिवर्तनको सिद्धान्त (Theory of Change) लाई परिभाषित गर्ने प्रयास भएको छ । यो अनुमान गरिएको छ कि दिगो र दीर्घकालीन परिवर्तन विभिन्न आयोजनाहरु र कारकहरुको अन्तरसम्बन्धीय र संचयआवृद्धि कारणत्व प्रभावको उपज हो, जुन एक्लो एवम् अलग्गै आयोजनाहरु बाट मात्र सम्बोधन गर्न गाह्रो छ ।

स्तरमा विश्लेषण गर्न सकिएन । अत: यो अध्ययनको सीमा बाहिर रहन गयो ।

- कोशी पहाडमा गरिबीको परिभाषा गर्न त्यति सहज छैन, किनकी यो निरन्तर परिवर्तन भएको पाइन्छ । समष्टिमा, विकास हस्तक्षेपहरु गरिबीको स्फुटीकरण, परिवर्तनशील कारणहरु र वहुआयामिक स्वरुपको विश्लेषण गर्न यथेष्ट नभएको देखिन्छ । अक्सरगरि त्यस्ता हस्तक्षेपहरु पहिले देखिनै रहिरहेका समस्याहरु सम्बोधन गर्नमा अर्थात गरिबीको पारम्परिक परिभाषा जस्तै घरपरिवारहरु अशिक्षित तथा अलिकति शिक्षा भएका, जग्गा जमीन थोरै वा हुँदै नभएका, थोरै जायजेथा वा सम्पत्ति भएका, निर्वाहजन्य खाद्य वालीहरु आदीमा लक्षित गरिएको पाइन्छ । अर्को शब्दमा, स्थानीयवासीहरु अघिबाटै परम्परागत रुपमा गर्दै आएका क्षेत्रहरुमा सुधारको लागि लागिपरेको भएतापनि ती क्षेत्रहरुमा अपेक्षित प्रगति हुन सकेको पाइदैन । तसर्थ, स्थानीयवासीहरु आफ्नो जीवन निर्वाहको लागि अहिलेपनि परम्परागत क्षेत्रहरु जस्तै खेतिपाती र वनजंगल मै आश्रित भएको पाइन्छ । विकास हस्तक्षेपहरुबाट पारम्परिक क्षेत्र बाहिर अन्य अवसरहरुको खोजी गरी लाभग्राहीहरुका (Beneficiaries) लागि रुपान्तरणीय परिवर्तनको महत्वको उपेक्षा भएको देखिन्छ । फलत: वसाइसराइ र विप्रेषण एउटा ज्वलन्त उदाहरणको रुपमा लिन सकिन्छ ।

- एकातर्फ थोरै जग्गा वा कम उत्पादनशील जमीन भएका घरपरिवारहरु आफ्नो जीविकोपार्जनको लागि जहिले पनि वैकल्पिक उपाएहरु खोजिरहनु पर्ने अबस्था छ भने अर्कोतर्फ पर्याप्त जायजेथा तथा वस्तुभाउहरु भएका घरपरिवारहरु पनि पोषणयुक्त खानाको कमि वा अभाव वा अज्ञानताले गर्दा कुपोषणका शिकार भएको पाइन्छ ।

- कोशी पहाडमा विकास हस्तक्षेपहरुबाट पहिल्याउन नसकेका नयाँ स्वरुपका समस्याहरु सृजित भएको पाइन्छ, जस्तै विशेषत: अति गरिब घरपरिवारहरुमा मद्यपानको कूलत अर्थात दुर्व्यसन, जुवा, ऋणग्रस्त, परिवार विघटन, वुढापाकाहरु तिरस्कृत एंवम् एक्लिनु, एकल घरपरिवार, जीर्ण (नसर्ने रोगहरु) रोगीहरु, महिलामा थप काम बोझ र युवापिढीहरु (विशेषत: पुरुष) बाहिरिनु वा विदेशीनु । यसले गर्दा गरिबीको परिभाषामा नयाँ स्वरुपलाई वेवास्तागरि पुरानो स्वरुपको वर्गिकरण जस्तै लिङ्ग, जातिगत आदि मात्र लाइ लिनुको औचित्य अब छैन । वसाइसराइ र जीविकोपार्जनको वैकल्पिक उपाएहरु दुवै गरिबी न्यूनीकरणको लागि प्रवल प्रेरणात्मक कारकहरु हुन् । तथापि तिनीहरुबाट हुनसक्ने गैरकृषिमा आधारित रोजगारहरुको सृजना र रोजगार अवसरहरुमा उत्प्रेरक उत्सावर्धक परिवर्तन अपेक्षित रुपमा भएको पाइदैन ।

- गुमिएका (Missed) धेरै अवसरहरु पनि यो अध्ययन द्वारा पहिल्याइएका छन् । विगत चार दशकमा यदि लाभग्राहीहरुलाई यथेष्ट मात्रामा समावेश गराइएको भए, विकास हस्तक्षेपहरुले व्यापक र विस्तृत परिवर्तन ल्याउनमा ठूलो योगदान पुऱ्याउथ्यो होला । उदाहरणको लागि, सन् १९९० को दशकमा विदेशमा कामको लागि बसाईसराई र त्यसबाट प्राप्त विप्रेषणको प्रादुर्भाव भई सकेको थियो र त्यसको प्रभावले कोशी पहाडी जनताको जीवनमा रुपान्तरणको स्वरुपहरु देखापरिसकेका थिए, जस्तै जनताको उपभोग गर्ने क्षमता र वचतमा वृद्धि । तर विशेषत: दातृ समुदायहरुबाट त्यसको महत्व र प्रभावको पूर्णरुपमा उपेक्षा भएको पाइयो । अर्को शब्दमा, आम्दानीको मुख्य श्रोतको रुपमा रहेको विप्रेषण बाट प्राप्त पूँजी लाई परिवर्तनको एउटा उत्प्रेरक रुपमा लिई उत्पादनशील क्षेत्रमा लगानी गर्ने पहल भैदिएको भए, गरिबी न्यूनीकरणमा सघाउ भै तिनीहरुको जीवनस्तरमा गुणात्मक स्तर बढाउनमा ठूलो मद्दत हुने थियो ।

अत: यो तर्क गर्न सकिन्छ कि केही खास क्षेत्रहरु पहिल्याइ विकास हस्तक्षेपहरू लागू गरिदिएको भए र निजी लगानी तथा स्थानीय निकाय एवम् जनतालाई नेतृत्व दिइ योजना र विकासमा बढी उत्तरदायी/जिम्मेदारी गराइ दिएको भए, विकासको लागि एउटा सामर्थ्य वातावरणको सृजना भइ जनतामा अझ बढी सामाजिक र आर्थिक परिवर्तनमा ठूलो सहयोग हुन सक्दथ्यो ।

अन्त्यमा, यो अध्ययनले आफ्नो मुख्य अभिलाषा आर्थिक र सामाजिक परिवर्तनको गतिशीलता बुझ्ने र विकास हस्तक्षेपहरुको भूमिका एवम् महत्वको मूल्याङ्कण गर्ने प्रयास गरेको छ जुन भविष्यमा विकास नीति निर्माणको आकार एवम् स्वरुप तथा योजना बनाउन सहयोग सिद्ध हुन सक्दछ ।

## अध्ययन टोली

यस अध्ययनको टोली प्रमुख डा. पुष्कर प्रधान हुनुहुन्छ र सदस्यहरुमा श्री भुपदास राजभण्डारी, डा. मिता सैंजु प्रधान, सुश्री अंशु तुम्वाहाम्फे, डा. कविता श्रेष्ठ, डा. पुष्कर वज्राचार्य र डा. राजेन्द्र श्रेष्ठ हुनुहुन्छ ।

यस अध्ययन टोलीको सल्लाहकारहरुमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त अनुसन्धानकर्ताहरु: डा. डी जुप, डा. डेभिड सेडन र डा. निकोलास म्यास्सी-टेलर रहेका छन् भने प्राविधिक सल्लाहकारमा आएन्ड्रु कोलेरोस र सन् किरवान् रहेका छन् । राष्ट्रिय योजना आयोगले गरेको व्यवस्थापन समितिको समन्वयनमा नेपाल सरकारका प्राज्ञिक व्यक्तित्व, प्राज्ञहरु र नागरिक समाजका प्रतिनिधिहरु समेत रहेका छन् ।

## सम्पर्क अध्ययन संस्थाहरु:



- GRM International Ltd., London, United Kingdom
  Tel: 44(0) 20 7250 0556
- Effective Development Group, Brisbane, Australia
  Tel: +61 7 3025 8500
- Foundation for Development Management, Kathmandu, Nepal
  Tel: 977 1 426 3944; Fax: 977 1 425 9104


♣♣♣

## अध्ययनको मुख्य परिणामहरु

यो अध्ययनबाट पहिल्याइएको प्रारम्भिक ठहर के हो भने कोशी पहाडी क्षेत्रको बासिन्दाहरुको अहिलेको जिवनस्तर विगत चार दशकको बेलामा भन्दा बेहत्तरी भएको पाइन्छ । वृहतरुप आर्थिक प्रवृत्तिहरुको विश्लेषण बाट पनि कोशी पहाडी क्षेत्रमा हालको अवस्था सन् १९७० को दशकको अवस्था भन्दा बिभिन्न सूचकहरुमा सुधारोन्मुख भएको पाइन्छ । तसर्थ, यो स्पष्ट हुन्छ कि विकास हस्तक्षेपले यो सकारात्मक परिवर्तन हुन मद्दत पुऱ्याएको देखिन्छ । केही मुख्य परिणामहरु तल उल्लेखित छन्:

- कोशी पहाडी क्षेत्रको आर्थिक अवस्थामा केही अपवाद वाहेक सकारात्मक परिवर्तन भएको पाइन्छ । उपलब्ध तथ्याङ्क स्रोतहरु अनुसार सन् १९७१-२०१० बीच कोशी पहाडमा वार्षिक औसत कुल गार्हस्थ उत्पादन २.८ प्रतिशतले वृद्धि भयो भने सोही समय अवधिमा कुल राष्ट्रिय उत्पादन सूचक वार्षिक औसत ३.० प्रतिशतले बढेको पाइयो । कोशी पहाडी क्षेत्रको उक्त औसत वार्षिक आर्थिक वृद्धि दर कोशी तराइ क्षेत्रको १.८ प्रतिशत र छिमेकी पहाडी जिल्लाको ४.२ प्रतिशत सँग तुलना गर्न सकिन्छ । अतः यद्यपि वार्षिक आर्थिक वृद्धि दर यसक्षेत्रमा कोशी तराइको भन्दा राम्रो भए तापनि राष्ट्रिय र छिमेकी पहाडी जिल्लाको भन्दा कम भएको पाइयो ।





*विभिन्न स्रोतहरु द्वारा औसत वार्षिक आर्थिक वृद्धि*

- कोशी पहाडमा सामाजिक परिसूचकहरु जस्तै स्वास्थ र शिक्षा क्षेत्रहरुमा पनि सकारात्मक परिवर्तन भएका छन् । कोशी पहाडमा मानिसको अपेक्षित औसत आयुमा निकैनी सुधार आएको देखिन्छ । उदाहरणको लागि, सन् १९९८ मा औसत आयु दर भोजपुरमा ६४.३, धनकुटामा ६४.३, संखुवासभामा ६१.७ र तेह्रथुममा ६१.३ थियो भने ती दरहरु वढेर सन् २००४ मा ती जिल्लाहरुमा क्रमशः ६४.६, ६४.९, ६३.७ र ६७.७ पुग्यो। सन् १९९८ मा राष्ट्रिय औषत आयु दर ५५.० मात्र थियो । त्यस्तैगरि कोशी पहाडमा पुरुषको औसत साक्षरता दर सन् २००१ मा ६५ प्रतिशत (संखुवासभा वाहेक) र महिलाको ४२ प्रतिशत थियो जुन राष्ट्रिय औसत साक्षरता दर भन्दा वढी थिए। साक्षरता दरमा निरन्तर वढ्दै गइ सन् २०११ मा उल्लेखनीयरुपमा वढेको पाइन्छ ।

| Buffer Class (km) | Roads | | Health | |
|---|---|---|---|---|
| | 1986 | 2010 | 1996 | 2010 |
| Below 3 | 9.86 | | 74.66 | 84.37 |
| 3 – 5 | 4.74 | 17.02 | 21.67 | 13.37 |
| Above 5 | 85.40 | 44.11 | 3.67 | 2.26 |


*कोशी पहाडी क्षेत्र: सडक र स्वास्थ सेवा केन्द्रहरुमा पहुँच*

- यद्यपि सडक निर्माण अल्पसमयको लागि खर्चिलो लगानी भएतापनि दीर्घकालिन दुबै चिताएका र नचिताएका परिवर्तनहरु ल्याउनमा यसले ठूलो योगदान गरेको पाइन्छ । यो अध्ययनमा गरिएको आर्थिक विश्लेषणबाट यो पाइयो कि चिताएको परिवर्तनहरु मध्ये सडक संजाल आवद्धतामा आएको सुधारले ढुवानी खर्च घट्न गई आर्थिक क्रियाकलापहरु सुधारगर्नमा यथेष्ट प्रभाव पारेको देखिन्छ । त्यस्तैगरि परिवर्तनको अगुवा कारकहरु (Drivers) ठम्याउन प्रयास गरिएको केन्द्रवर्तिय विश्लेषण (Key Nodal Analysis) बाट पनि यस अध्ययनमा पहिल्याइएका चार दीर्घकालीन परिवर्तनहरुसंग सडक संजाल निर्माणको सोजो सम्बन्ध रहेको पाइन्छ । यसको अतिरिक्त, वास्तविकता परीक्षण विधिद्वारा पनि यसमा संलग्न घरपरिवारहरु मध्ये धेरैले तिनीहरुको सामाजिक एवं आर्थिक परिवर्तनमा सडकको अगुवा भूमिका भएको ठम्याए ।





*दीर्घकालिन प्रभाव: गरिबी निवारणको चार पक्षहरु*

- दीर्घकालिन प्रभावको लागि सडक संजाल निर्माणले सहजताको भूमिका खेलेको पाइन्छ । उदाहरणको लागि, विकास हस्तक्षेपहरुले सघन एंव व्यवसायीक कृषि उत्पादन र घरपालुवा पशुहरुको जातहरुमा सुधार ल्याउन केही प्रभाव पारेको देखिन्छ । सन् १९८० को उत्तरार्द्ध देखि सडक संजाल आवद्ध वरपरका घरपरिवारहरु, जहाँ बजार संयन्त्रको समेत विकास भएका छन्, सघन एवम् नगदे तरकारी खेतीबाट लाभान्वित भएका छन् ।





*कोशी पहाडी क्षेत्र: सडक सन्जालको विस्तार*

- कोशी पहाडमा अर्को विशिष्ट उदाहरणको लागि नगदे बालीको रुपमा अपनाइएको अलैंचीलाई लिन सकिन्छ । जब सडक संजाल र बजार संयन्त्रको व्यवस्था भयो, अलैंचीको उत्पादनमा एकदमै वृद्धि भयो र साथै मूल्य पनि आकासियो त्यतिखेर अलैंचीको उत्पादनमा रोगको कारणले भारत, सिक्किम र भुटानमा एकदमै गिह्रावट आयो । विभिन्न कारणहरु जस्तै सडक संजाल निर्माण, बजार संयन्त्रको विकास र पहुँच, कृषि विकास कार्यक्रमहरु (जस्तै, पाखीवास कृषि केन्द्र) आदि बाट साना किसानीहरुमा प्रविधि, नयाँ खेती विधि प्रचार र प्रसार आदिले गर्दा हौसला र विश्वास बढाउनमा टेवा पुग्यो र फलस्वरुप कोशी पहाडमा अलैंची एउटा महत्वपूर्ण नगदेबालीको रुपमा विकसित भयो ।




*कोशी पहाडी क्षेत्र र छिमेकि जिल्ला: अलैंची खेतीक्षेत्रको वृद्धि प्रवृति*

- सन् १९८० को दशकमा कोशी पहाडमा संचालित सामुदायिक बन अर्को महत्वपूर्ण विकास कार्यक्रम मान्न सकिन्छ । पूर्ण परिभाषित नीतिहरु, संस्थाहरुको संजाल विकास र अभ्यासहरुले गर्दा सरकारी, गैरसरकारी र स्थानीय समुदायहरु सबै समाविष्ट भएबाट बन संरक्षण, जंगलहरुको पुनरुत्पत्ति र वृक्षारोपण सफल भएको पाइन्छ । यस अध्ययनमा अपनाइएको GIS नक्शा विश्लेषणबाट सन् १९९६ मा रहेको जंगल क्षेत्रफल सन् २०१० मा एकदमै वृद्धि भएको पाइयो ।




*कोशी पहाडी क्षेत्र: भू–उपयोग परिवर्तन रुपको प्रवृत्ति*

सन् २०१० मा कोशी पहाडको कुल १,४४९ सामुदायिक बन उपयोग समुहहरुलाई ११५,००० हेक्टर जंगल क्षेत्रफल हस्तान्तरण भयो । फलतः बनजंगल, पशुपालन र खेतीपातीको बीचको अन्तरसम्बन्धलाई झनै बढावा दियो र सो फाइदा बाट सामुदायिक बन आयोजना अन्तर्गत रहेका कोशी पहाडको अधिकांश ग्रामीण घरपरिवारहरुमा गरिबी न्यूनीकरणमा ठूलो योगदान भयो । यद्यपि जुनवेलामा स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधिहरु नरहनाले योजना कार्यन्वयन, प्रशासन, प्रभावकारी सेवाप्रवाह, र स्थानीय विकास कार्यमा व्यापक जन सहभागिता गर्न गाह्रो परेको थियो र जुन अवस्था अहिलेसम्म पनि यथावतै छ ।



*कृषि तालिम लिएपछि बन्दाकोपी नगदेबाली खेती*



*सन्चार–मोवाइलको असर गाउँको कुना–कन्दरामा पनि*

- कोशी पहाडमा भएको परिवर्तनको प्रमुख कारकहरुमा स्थानीय जनताहरु नै श्रेयस्कर मान्न सकिन्छ । किनकी तिनीहरु आफ्नो उर्जा, कार्यतत्परता, प्रेरणा र जाँगरले परिवार एंव सन्ततिको जीवनस्तर उकास्न र जीविकोपार्जन कायम र अभिवृद्धिमा सदैव संघर्षशील भएको पाइन्छ । तिनीहरु आफ्नो समाजमा सुधार ल्याउन तथा स्थानीय अर्थ व्यवस्था वृद्धि गर्न वा अग्रता देखाउनको लागि लगानी र खर्च गर्न सदैव तत्पर पनि देखिन्छन् । हाम्रो विश्लेषणले यो पनि देखाउँछ कि विकास हस्तक्षेपको सबैभन्दा प्रभावकारी प्रयासहरु ती हुन जसले स्थानीय जनताहरुको जीवनमा पुरा परिवर्तन ल्याउन एउटा भरोसायुक्त र सामर्थ्यपूर्ण वातावरण सृजना गर्दछन् । सरकार र दातृ निकायहरु द्वारा भएका विकास हस्तक्षेपहरुले पनि कोशी पहाडमा परिवर्तन ल्याउनमा उत्तिकै महत्वपूर्ण योगदान गरेको पाइन्छ तथापि यो परिवर्तन विकासवादीहरुले अपेक्षा गरेअनुरुप कमै भएको पाइन्छ ।

- दीर्घकालिन प्रभाव विशेष आयोजना वा परियोजनाबाट नभइ विगत समयमा चिताएको एवम् नचिताएको परिवर्तनहरुको अन्तरक्रियाहरु बाट भएको भन्न सकिन्छ । यसले एउटा महत्वपूर्ण अवधारणाको रुपरेखा दिएको छ जसबाट विकासको सफलताहरु तथा विफलताहरु कोशी पहाडको अध्ययन अवधिभर भएको परिवर्तनहरुबाट ठम्याउन सकिन्छ । यसबाट यो पनि स्पष्ट हुन्छ कि दिगो र दीर्घकालिन परिवर्तन एंव प्रभाव विभिन्न आयोजनाहरु र कारकहरुको अन्तरसम्बन्धीय र संचयआवृद्धि कारणत्व प्रक्रियाहरुको उपज हुन, न कि यो जटिलता एकलो आयोजनाहरुबाट ठम्याउन सकिन्छ ।

- देस र कोशी पहाडी क्षेत्र दुवैमा गरिबी सामाजिक वर्ग, लिङ्ग, जातजाति, धर्म र भौगोलिक क्षेत्रहरु वीच व्यापक असमानता भएको पाइन्छ । विगतका योजनाहरुको माध्यमबाट भौतिक पूर्वाधार एवम् सामाजिक क्षेत्रमा प्रगति भए तापनि समावेशी विकासमा भने अपेक्षित प्रगतिको अनुभूति हुन सकेन । सन् १९९१ को गणनामा पहिलो पटक १०३ विभिन्न जातजातिहरुको पहिचान भयो र त्यसपछि विभिन्न सूचकहरु जस्तै सामाजिक भेदभाव र पिछडिएका वर्गहरु, लिङ्ग, जातजातिहरु, उमेर, धर्म आदिको आधारमा जनसंख्या वर्गिकरण गरेको पाइन्छ । वास्तवमा, ती सूचकहरु सामाजिक समावेशी नीतिहरु तर्जुमा र आयोजनाहरु निर्माणको लागि आवश्यक हुन्, तैपनि विशेषतः लिङ्ग स्तरको तथ्याङ्क अभावले गर्दा विकास हस्तक्षेपका फरक प्रभावहरु यी विभिन्न सामाजिक वर्गहरुको